# गेरुवा गाउँपालिका

# २०७४

**७ आश्वीन, २०७४**

| | | |
|---|---|---|
| गाउँपालिका | : | गेरुवा गाउँपालिका |
| स्थान | : | पशुपतिनगर,बर्दिया |
| प्रदेश | : | ५ नं. प्रदेश, नेपाल |

**आज मिति २०७४ साल आश्वीन ७ गतेका दिन गेरुवा गाउँपालिकाको नियमित बोर्ड बैठक बस्यो, उपस्थिति तथा निर्णय देहाय वमोजिम छ।**

**उपस्थिति**

| | | | |
|---|---|---|---|
| श्री जमान सिंह के.सी. | - | अध्यक्ष | सभाध्यक्ष |
| श्री हिमा कुमारी थरुनी | - | उपाध्यक्ष | सदस्य |
| श्री दयाराम बैद्य थारु | - | वडाअध्यक्ष, वडानं. १ | ,, |
| श्री आलोक कुमार थारु | - | वडाअध्यक्ष, वडानं. २ | ,, |
| श्री पुनाराम थारु | - | वडाअध्यक्ष, वडानं. ३ | ,, |
| श्री बल बहादुर चलाउने | - | वडाअध्यक्ष, वडानं. ४ | ,, |
| श्री धर्म प्रकाश थारु | - | वडाअध्यक्ष, वडानं. ५ | ,, |
| श्री टेक बहादुर चौधरी | - | वडाअध्यक्ष, वडानं. ६ | ,, |
| श्री शान्ती चौधरी | - | सदस्य | ,, |
| श्री राजु बडुवाल खत्री | - | सदस्य | ,, |
| श्री चन्द्ररुपा कामी | - | सदस्य | ,, |
| श्री मोवीला शर्मा पौडेल | - | सदस्य | ,, |
| श्री लक्षिण बहादुर नेपाली | - | सदस्य | ,, |
| श्री बम बहादुर वि क. | - | सदस्य | ,, |
| श्री भीम बहादुर खत्री | - | कार्यकारी अधिकृत | सदस्य सचिव |

**आमन्त्रित**

श्री ठाकुरप्रसाद चौधरी
श्री प्रेमबहादुर जि.सी.
श्री भूमिराज घिमिरे
श्री भागीराम चौधरी

**प्रस्तावहरु**

**१ शुभ कामना सन्देश सम्बन्धमा**
**२ वडादशैंको अवसरमा सेवा सुरक्षा तथा कार्य सञ्चालन सम्बन्धमा**
**३ सार्वजनिक खरिद योजना/ बार्षिक/आवधिक कार्यविधि स्वीकृत गराउने र कार्यारम्भ गर्ने अवधि सम्बन्धमा**
**४ गाउँपालिका र वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको सेवा सुविधा सम्बन्धमा**
**५ कार्यकारी अधिकृतको सरुवा थमौति गर्न अनुरोध गर्ने सम्बन्धमा**
**६ पदाधिकारीहरुको सेवा सुविधा सम्बन्धमा**

## ७ बिबिध

**प्रस्ताव नं.१ शुभ कामना आदान प्रदान**

प्रस्ताव नं. १ माथी छलफल गर्दा नजिकै आउन थालेको वडादशैं, शुभ दिपावली तथा छड पर्वको उपलक्षमा सम्पूण नेपाली दाजुभाई दिदि बहिनीहरुमा शुख, समृद्धि र उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभ कामना व्यक्त गर्दै गेरुवा गाउँपालिका अन्तर्गतका सवै निर्वाचित प्रतिनिधीहरु र सवै कार्यरत कर्मचारीहरुमा समेत शुभ कामना आदान प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.२ वडादशैंको अवसरमा सेवा सुरक्षा तथा कार्य सञ्चालन सम्बन्धमा**

प्रस्ताव नं. २ माथी छलफल गर्दा गेरुवा गाउँपालिका अन्तर्गतका सवै सरकारी कार्यालयहरुमा आउँदो चाडवाडको समयमा सरसफाई सुरक्षा र विधिपूर्वक पूजा दिपावली गर्ने गरी गेरुवा गाउँपालिकाका कर्मचारीहरुको बैठकबाट प्रस्ताव भए वमोजिमको कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ सार्वजनिक खरिद योजना/ बार्षिक/आवधिक कार्यविधि स्वीकृत गराउने र कार्यारम्भ गर्ने**

प्रस्ताव नं.३ माथी छलफल गर्दा गत बोर्डबैठकबाट प्रस्ताव गरिए वमोजिम सवै बिषयगत कार्यालय र वडा कार्यालयहरुले बार्षिक खरिद योजना/कार्यविधि तयार गरी पेश गर्न र कार्यारम्भ गर्नका लागि मिति २०७४/७/७ गतेको नियमित बोर्ड बैठकमा अनिवार्य रुपमा पेश गर्न सवै पक्षलाई जानकारी गराउने  निर्णय गरियो ।

**निर्णय नं.४ गाउँपालिका र वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको सेवा सुविधा सम्बन्धमा**

प्रस्ताव नं.४ माथी गेरुवा गाउँपालिकाका कर्मचारीहरुको बैठकबाट प्रस्ताव गरिए वमोजिम कर्मचारीहरुको सेवा सुविधा सम्बन्धमा छलफल गर्दा कर्मचारी समायोजन र स्थानीय तह सञ्चालन सम्बन्धि सम्बन्धि ऐन/नियम स्वीकृत भई नआएको र हाल निर्वाचन आचार संहिता लागु भई सकेकोले नयाँ नियुक्ति तथा नया व्यवस्थापन नगरी हाललाई देहाय वमोजिम गर्ने निर्णय गरियो :

**(क)** यस गाउँपालिकामा हस्तान्तरण हुने बिषयगत कार्यालयकाको दरवन्दी अनुसारका कर्मचारीहरुको दरवन्दी नेपाल सरकारले तोके वमोजिम हुने भएकोले सो अनुसार समयमै व्यवस्थापन हुन अनुरोध गर्ने साथै उपस्थित बिषयगत कार्यालयहरुको लागि कार्यालय सञ्चालनको व्यवस्था मिलाउने निर्णय गरियो ।

(ख) नेपाल सरकारबाट प्रस्तावीत दरवन्दी अनुसार कर्मचारीहरु नभए सम्मका लागि कार्य सञ्चालन गर्न सावीक गा.वि.स.हरुको निर्णयबाट नियुक्ति भई हाल सम्म कार्यरत रहेका वडानं.४ सावीक गोला गा.वि.स.का स.क.अ.श्री बाबुराम चौधरी,का.स.श्री जितेन्द्र  चौधरी, सावीक पशुपतिनगर गा.वि.स.मा कार्यरत अ.स.ई.श्री भूमिराज घिमिरे र वडानं.६ सावीक  मनाउ गा.वि.स.का स.क.अ.श्री युगराज भुसाल  साथै गाउँपालिका स्थापना संगै करारमा नियुक्ति भएका श्री गणेश सापकोटा, ज्यालादारीमा कामकाज गरि रहेका श्री बसुन्धरा थारु, हरिराम थारु, सुरेन थारु र लाईकराम थारु समेतका कर्मचारीहरुले निरन्तर कामकाज गरि रहेकोले सावीक वमोजिम सेवा सुविधा सहित कामकाज गर्न पाउने व्यवस्था मिलाउन र मेलमिलाप केन्द्र पशुपतिनगरका संयोजक श्री ठग्गु थारु तथा मेलमिलाप केन्द्र मनाउ संयोजक पार्वति चौधरीलाई समेत २०७४ पौष सम्मको लागि सावीक वमोजिम नै कामकाज लगाउने निर्णय गरियो ।

(ग) सावीक गा.वि.स.सचिवहरुले नेपाल सरकारबाट तलवको ५० प्रतिशत भत्ता पाउने र अन्य कर्मचारीहरुले आन्तरिक श्रोतबाट प्रोत्साहन भत्ता पाउने गरेको प्रकृयाको निरन्तरताका लागि गाउँपालिका घोषणा भए पश्चात यस गाउँपालिकामा मिति २०७४/१/१३ मा बसेको सर्वदलीय बोर्ड बैठकमा प्रस्ताव स्वीकृत भई गाउँकार्यपालिकाको पहिलो बोर्ड बैठकबाट समर्थन समेत भएको तर तत्काल संकलित आन्तरिक रकम खर्च गर्ने कानुनी व्यवस्थाको अभावमा भूक्तानी नभएकोमा हालः गेरुवा गाउँपालिकाको गाउँसभाले उक्त आन्तरिक रकमलाई समेत मूलपुजिमा समाहित गरी पदाधिकारी तथा कर्मचारीहरुको भत्ताको लागि समेत विनियोजन गरिसकेको अवस्थामा उल्लेखित मिति २०७४/१/१३ को निर्णयको आधारमा मिति २०७३ चैत्र महिना देखी २०७४ आषाढ मसान्त सम्ममा गेरुवा गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई सम्बन्धित कर्मचारीको पदको शुरु तलवस्केलको ५० प्रतिशतका दरले थप प्रोत्साहन भत्ता सुविधा उपलब्ध गराउने स्वीकृति उपलब्ध गराउने सम्बन्धमा साथै गेरुवा गाउँपालिकामा अतिरिक्त समयमा समेत कार्यरत रहने पदाधिकारीहरु/ कर्मचारीहरुलाई कार्यसूचक स्वीकृत गरी सो को आधारमा बढिमा ५० प्रतिशत सम्म अतिरिक्त तथा प्रोत्साहन भत्ता उपलब्ध गराउन सकिने गरी बार्षिक खरिद योजना वनाई पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

(घ) गाउँपालिकाको दरवन्दी भन्दा बाहिरका कर्मचारीहरुले गाउँपालिका/वडा कार्यालयमा कामकाज गरे वापत माशिक रु.३०००।- प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.५ कार्यकारी अधिकृतको सरुवा थमौति गर्न अनुरोध गर्ने**

प्रस्ताव नं.५ माथी छलफल गर्दा यस गाउँपालिकाका कार्यकारी अधिकृत श्री भीम बहादुर खत्रीलाई संघीय मामिला तथा स्थानीय विकाश मन्त्रालयको मिति २०७४/६/४ को निर्णयले यस गाउँपालिकाको कार्यकारी अधिकृत पदबाट जिल्ला समन्वय समिति दैलेखको योजना अधिकृत पदमा सरुवा गरेको देखियो । भरखरै सम्पन्न गाउँसभाबाट निर्माणधिन बार्षिक खरिद योजना, गठन हुन गई रहेका समितिहरुको पूर्णता दिने र कार्यारम्भ गर्ने कार्यमा असहज हुने र नजिक आई रहेको निर्वाचन कार्यक्रममा समेत असहज हुन सक्ने भएकोले काज सरुवा हुनु भएका कार्यकारी अधिकृत श्री भीम बहादुर खत्रीको काज सरुवा बदर गरी यस गाउँपालिकाको कार्यकारी अधिकृत पदमा नै कायम गरि दिन संघीय मामिला तथा स्थानीय विकाश मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

## ६ पदाधिकारीहरुको कार्यविधि तथा सेवा सुविधा सम्बन्धमा

नेपाल सरकारबाट संघीय कानुन तथा प्रान्तीय कानुनमा व्यवस्था भएमा सो वमोजिम हुने गरी स्वीकृत कार्यक्रम र विनियोजित बजेटको परिधिमा रहि हाललाई यस गाउँपालिकाका पदाधिकारीहरुको लागि २०७४ साल श्रावण १ गते देखी लागु हुने गरी देहाय वमोजिमको काम,कर्तव्य र अधिकार तथा सेवा सुविधा देहाय वमोजिम कायम गरी कामकाज गर्दै जाने निर्णय गरियो ।

| सि.नं. | पद | कार्य विवरण | तलव सुविधा | बैठक भत्ता | कैफियत |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | (क)गाउँ सभा तथा गाउँकार्यपालिकाको बैठक बोलाउने र बैठकको अध्यक्षता गर्ने ।<br>(ख)गाउँ सभा तथा गाउँ कार्यपालिकाको बैठकमा बैठकको कार्यसूची तथा प्रस्ताव पेश गर्ने, गराउने ।<br>(ग) गाउँपालिकाको बार्षिक कार्यक्रम तथा बजेट तयार गरी सभामा पेश गर्ने ।<br>(घ) गाउँकार्यपालिकाको निर्णयमा गाउँ सभाको अधिवेशनको आव्हान र समापनको घोषणा गर्ने ।<br>(ङ) गाउँपालिकाका उपाध्यक्ष वा सदस्यलाई गाउँपालिकाको कार्य विभाजन नियमावली अनुरुपको विषयगत कार्य जिम्मेवारी बाँडफाँड तथा हेरफेर गर्ने ।<br>(च) गाउँसभा र गाउँ कार्यपालिकाको निर्णय कार्यान्वयन गर्ने गराउने ।<br>(छ) गाउँ कार्यपालिकाको दैनिक कार्यको सामान्य रेखदेख, निर्देशन र नियन्त्रण गर्ने ।<br>(ज) उपाध्यक्ष तथा सदस्यलाई गाउँपालिकाको कामका लागि स्वदेशभित्र काजमा खटाउने | **माशिक रु.२५,०००।- कार्य सूचकको आधारमा थप ५० प्रतिशत भत्ता समेत पाउने ।** | **रु.१५००।- (प्रति बैठक) र आवागमन भत्ता रु.५००।-** | **अन्य बैठकहरुमा यस गाउँपालिकाका अध्यक्ष र वडाध्यक्षको अध्यक्षतामा बस्ने बैठकमा हरेक सदस्यको रु.१५००।- हुने छ ।** |

| | | | | | |
|---|---|---|---|---|---|
| | | (झ)कार्यकारी अधिकृतको सात दिनसम्म्को विदा वा स्वदेशभित्रको काज स्वीकृत गर्ने ।<br>(ञ) गाउँपालिकाको चल अचल सम्पत्ति हेरविचार तथा मर्मत सम्भार गर्ने गराउने र आम्दानी, खर्च, हिसाब र अन्य कागजपत्र सुरक्षित राख्ने, राख्न लगाउने ।<br>(ट) प्रचलित नेपाल कानून बमोजिम आवश्यक सिफारिस गर्ने ।<br>(ठ) गाउँ सभा वा गाउँकार्यपालिकाले तोकेका अन्य काम गर्ने । | | | |
| २ | **उपाध्यक्ष** | क) न्यायिक समितिको संयोजक भई कार्य गर्ने ।<br>ख) गाउँपालिका अध्यक्षको अनुपस्थितिमा कार्यबाहक अध्यक्ष भई कार्य गर्ने ।<br>ग) गाउँसभा, गाउँ कार्यपालिका तथा अध्यक्षले तोकेका अन्य कार्य गर्ने ।<br>२) उपाध्यक्षले आफ्नो गाउँपालिका क्षेत्रबाहिर जानु पर्दा अध्यक्षलाई जानकारी दिनु पर्नेछ । | **रु.२०,०००।-**<br>**कार्य सूचकको आधारमा थप ५० प्रतिशत भत्ता समेत पाउने ।** | **रु.१५००।-**<br>**(प्रति बैठक) र आवागमन भत्ता रु.५००।-** | |
| ३ | **वडाध्यक्ष** | (क) आफ्नो वडा समितिको अध्यक्ष भई कार्य गर्ने ।<br>(ख) वडा समितिका सदस्यहरुलाई वडा समितिको कामको बाँडफाँड गरी सहजीकरण तथा परिचालन गर्ने ।<br>(ग) कार्यपालिकाको सदस्य भई कार्य गर्ने ।<br>(घ) वडाको विकास योजना, बजेट तथा कार्यक्रम तयार गर्ने, गर्न लगाउने तथा स्वीकृतिका लागि गाउँपालिकामा पेश गर्ने ।<br>(ङ) वडाबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने गराउने, तिनको अनुगमन गर्ने तथा आवधिक समीक्षा गर्ने गराउने ।<br>(च) प्रचलित नेपाल कानून बमोजिम आवश्यक सिफारिस गर्ने ।<br>(छ) तोकिए बमोजिम वा गाउँपालिका अध्यक्षले तोकेका अन्य कार्य गर्ने ।<br>(२) वडाध्यक्षले आफ्नो अनुपस्थितिमा सम्वन्धित वडा समितिको जेष्ठ सदस्यलाई कार्यवाहक तोकी सोको जानकारी गाउँ कार्यपालिकालाई दिनुपर्नेछ । | **रु.१५,०००।-**<br>**कार्य सूचकको आधारमा थप ५० प्रतिशत भत्ता समेत पाउने ।** | **रु.१५००।-**<br>**(प्रति बैठक) र आवागमन भत्ता रु.५००।-** | |
| ४ | **सदस्य (वडा सदस्य र कार्यपालिका सदस्य )** | क) आफ्नो क्लष्टरमा गठन हुने समितिको अध्यक्ष भई कार्य गर्ने ।<br>(ख) समितिका सदस्यहरुलाई समितिको कामको बाँडफाँड समेतमा सहजीकरण तथा परिचालन गर्ने ।<br>(ग) कार्यपालिका/गाउँसभाको सदस्य भई कार्य गर्ने ।<br>(घ) वडाको विकास योजना, बजेट तथा कार्यक्रम तयार गर्ने, गर्न लगाउने तथा स्वीकृतिका लागि वडामा पेश गर्ने ।<br>(ङ प्रचलित नेपाल कानून बमोजिम आवश्यक सिफारिस गर्ने ।<br>) | | **रु.१५००।-**<br>**(प्रति बैठक) र आवागमन भत्ता रु.५००।-** | |

## ७ विविध

**निर्णय नं.७** माथी छलफल गर्दा गेरुवा गाउँपालिका भित्र राहत वितरण तथा अन्य कुनै कार्यक्रम सञ्चालन गर्दा एकद्धार प्रणालीबाट गर्ने व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं.८** माथी छलफल गर्दा विविध सम्बन्धमा आगामी बोर्ड बैठक २०७४ साल कार्तिक ७ गतेका दिन २.०० बजे बस्ने निर्णय गरियो ।